Email :dailekh@dolma.gov.np
☎:०८९-४१०१७७

नेपाल सरकार
# भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय
# भूमि व्यवस्थापन तथा अभिलेख विभाग
# मालपोत कार्यालय
दैलेख

प.सं .२०८१।०८२
च.नं. ४८५

मिति :२०८१।०९।१२
ने.सं. ११४५ थिंलागा द्वादशी, बुधबार

विषयः आवश्यक सहजिकरण गरिदिने सम्बन्धमा ।

श्री नारायण नगरपालिका, दैलेख ।
श्री महाबु गाउँपालिका, दैलेख ।
श्री नौमुले गाउँपालिका, दैलेख ।
श्री भगवतीमाई गाउँपालिका, दैलेख ।
श्री डुङ्गेश्वर गाउँपालिका, दैलेख ।
श्री गुराँस गाउँपालिका, दैलेख ।

प्रस्तुत विषयमा यस कार्यालयबाट दैनिक रुपमा सम्पादन गरिने जग्गा प्रशासन सम्बन्धि सेवाहरु प्रदान गर्ने क्रममा तहाँ कार्यालय मातहतका सबै वडा कार्यालयहरुबाट आउने कतिपय सिफारिस तथा आवश्यक कागजातहरु नमिलेको वा अपुग भई सेवाग्राहीहरुले दुःख पाईरहेको, समयमा काम सम्पन्न नभएको भनि जनगुनासो आउने गरेकोले उक्त जनगुनासोलाई उचित सम्बोधन गर्न सेवा प्रवाहलाई थप प्रभावकारी, छिटो छरितो तथा जनमैत्री बनाउनका लागी वडा कार्यालयले अपनाउनु पर्ने प्रक्रिया एवम् आवश्यक कागजातहरुको विवरण पाना ५ (पाँच) यसै पत्र साथ संलग्न राखि आवश्यक सहजिकरणका लागि पठाईएको व्यहोरा सादर अनुरोध छ ।

**नोटः- कुनै कागजात अपुग भएमा सम्बन्धित वडा कार्यालयको आधिकारिक ईमेल ठेगाना बाट प्राप्त भएको कागजातलाई मान्यता दिईने छ ।**

२०८१।०९।१२

...................
युवक हमाल
कार्यालय प्रमुख

**<u>घर/जग्गा कारोबारको लागि सेवाग्राही वडा कार्यालयमा सिफारिस लिन आउँदा वडा कार्यालयले ध्यान दिनु पर्ने कुराहरु तथा संलग्न राखु पर्ने आवश्यक कागजातहरु ।</u>**

- जग्गाधनी पुर्जामा फोटो भए नभएको जाँच गर्ने यदि छैन भने जग्गाधनीको फोटो समावेश गरी जग्गाधनी पुर्जा र श्रेस्तामा फोटो टाँस गरिदिन सिफारिस दिने । (जग्गाधनीको मृत्यु भइसकेको भए आवश्यक पर्दैन)
- जग्गाधनीका सक्कलै नागरिकता तथा सक्कलै जग्गाधनी पुर्जामा कुनै विवरण फरक परे नपरेको हेर्ने यदि फरक परेको भए नागरिकता बमोजिम जग्गाधनी पुर्जा स्रेस्ता संशोधन गर्न सिफारिस दिने ।
- जग्गाको मालपोत बुझाएको रसिद जाँच गर्ने वा बुझाउन जानकारी गराउने ।
- जग्गाधनी प्रमाणपुर्जा हराएको वा झुत्रो भएको भए प्रतिलिपि उपलब्ध गराइदिने व्यहोराको सिफारिस दिने ।
- यदि झुत्रो भएको पुर्जामा जग्गाधनीको फोटो छ भने जग्गाधनीलाई मालपोतमा गएर व्यक्तिगत निवेदन दिन लगाउने सिफारिस दिन पर्दैन ।
- सिफारिसमा जग्गा र जग्गाधनीको साविक र हालको ठेगाना खुलाउने ।

**<u>राजिनामा/अंशवबण्डा/अंश बुझेको भरपाई/हालैको बकसपत्र/शेषपछिको बकसपत्र लिखत</u>**

- जग्गाको मालपोत बुझाएको रसिद ।
- सिफारिसमा खुलाउनु पर्ने विषय:

  १. अंशबण्डाको लागि सबै अंशियारहरु

  २. कारोबार हुने कुन-कुन कित्तामा मोटरबाटोले छोएको छ/ छैन

  ३. कारोबार हुने कुन-कुन कित्तामा घर छ/ छैन, यदि छ भने अनुमानित मूल्य कति हो ।

  ४. अंशबण्डाको लागि सबै अंशियारको नाउँमा भएको देशभरीको जग्गा देखाउनु पर्ने।

२०८१/०९/१२

प्रमुख

- हालैको बकसपत्रको लागि नाता प्रमाणित प्रमाणपत्र ।
- वडा अध्यक्षको कार्यवाहक दिएको भए सो पत्रको प्रतिलिपि ।
- अंश वापत कुनै अंशियारंले रुपैयाँ लिएको भए वा लिने भए निज अंशियार पनि मालपोत कार्यालय आउनुपर्ने ।
- अंश भरपाईमा सकेसम्म अंशियार मध्यकै एकजना सहित दुईजना साक्षी ।
- लिने दिने दुबैको सक्कल नागरिकता
- सक्कल जग्गाधनी प्रमाणपूर्जा ।
- यदि कसैले आफ्नो पुर्जामा भएका सबै जग्गा बेच्दैछ भने उसको नाममा रहेको वा उसको हक लाग्ने अंशियारको नाममा रहेको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि ।

**बेजिल्ला लिखत पारित**

१. अंशबण्डा (दुई वा सो भन्दा बढी जिल्लामा जग्गा भए)
२. अंशभरपाई (दुई वा सो भन्दा बढी जिल्लाको जग्गा लिने भए)

**बैंक तथा वित्तीय संस्थाबाट रोक्का**

- तिरो तिरेको रसिद
- यदि पुर्जामा घर उल्लेख छैन तर सेवाग्राहीले घरसमेत धितो रोक्का राख्ने हो भने घर कायमको सिफारिस

**नामसारीः-**

- मृतकका नामको सक्कल जग्गाधनी प्रमाणपूर्जा (यदि मृतकको जग्गाधनीको जग्गाधनी प्रमाणपूर्जा हराएको भए मृत्युदर्ता र आफ्नो सक्कल नागरिकता लिएर एकजना हकवालाले मालपोतमा निवेदन दिई नामसारी प्रयोजनका लागि जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि लिने)
- जग्गाधनीको मृत्युदर्ता प्रमाणपत्र सक्कलै ।
  *(कुनै रोलक्रमको हकदार परलोक भएको भए निजको पनि मृत्युदर्ता प्रमाणपत्र)*

२०८१/०८/१२

- मालपोत बुझाएको रसिद ।
- मृतकसँग हकदारहरुको नाता प्रमाणित प्रमाणपत्र वा सिफारिस ।
- सबै हकदारहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- नाबालको नाममा नामसारी गर्नुपर्ने भए जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि र बुवाको नागरिकताको प्रतिलिपि ।
- स्थायी वतन परिवर्तन भएको भए बसाइसराइको प्रमाणपत्रको प्रतिलिपि ।
- पेश भएका एक अर्को प्रमाणमा कुनै विवरण फरक परेको भए स्थायी बसोबास भएको वडा कार्यालयबाट एकै हो भन्ने सिफारिस ।
- बेपत्ता भएकोमा १२ बर्ष देखि बेपत्ता भएको हो भन्ने प्रमाण निवेदक स्वयमले प्रमाणित गराउनुपर्ने ।
- रोलक्रमको महिला हकदारले अर्को विवाह गरेको भए विवाह दर्ता वा वडा कार्यालयको किटानी सिफारिस ।
- स्थायी बसोबास रहेको स्थानको वडा कार्यालयबाट हकदारको नाता र नाम उल्लेख भएको र जग्गाको पूर्ण विवरण समेत उल्लेख गरी किटानी सिफारिस र मुचुल्का ।
- **<u>मुलुल्कामा खुलाउनु पर्ने विषयहरु:</u>**
  १. मृतक जग्गाधनीका श्रीमती कति छन् र को को हुन् ।
  २. मृतक जग्गाधनीका छोरा कति छन् र को को हुन् ।
  ३. मृतक जग्गाधनीका छोरी कति छन्, को को हुन् र तिनको वैवाहिक अवस्था ।
  ४. समान रोलक्रमका सम्पूर्ण हकदारको नाउँमा नामसारी गर्ने व्यहोरा ।
  ५. जग्गाको सम्पूर्ण विवरण ।
  ६. एकभन्दा बढी पत्नी भए प्रत्येक पत्नीबाट के कति सन्तान भए सो को विवरण ।
- थप कुराहरु
  १. पति, पत्नी वा छोरा बाहेकको लागि मालपोतले ३५ दिने सुचना निकाल्छ ।
  २. जग्गा नलिने भए मालपोतमा गएर हकदावी छोड्नु पर्छ । (जुनसूकै मालपोतमा)
  ३. अंशबण्डा गर्दा मालपोतमा गएर आफ्नो अंश लगेकोमा बाहेक सबै हकवाला

२०७१।०५।१२
कार्यालय प्रमुख

उपस्थित हुनुपर्छ ।

**अदालतको फैसला वा लिलाम वा बैंक तथा वित्तीय संस्थाको लिलाम**

- लिलाम वा फैसला भएको जग्गाको घरबाटो सिफारिस
- तिरो तिरेको रसिद
- सक्कल जग्गाधनी प्रमाणपूर्जा वा प्रमाणित प्रतिलिपि ल्याएपछि मात्र

**हदबन्दी भन्दा बढी जग्गा भए (७५ रोपनी वा ३८१५५ वर्गमिटर)**

- अंशियार खुल्ने पारिवारिक विवरण सहितको सिफारिस (नागरिकता विवरण र नाता खुल्ने गरी) । वा अंशियार र जग्गाको विवरण खुल्ने मुचुल्का ।
- पारिवारिक विवरणमा नाम रहेका सम्पूर्ण व्यक्तिको नाममा देशभर रहेका जग्गाहरुको जग्गाधनी पुर्जा र मालपोत तिरेको रसिद ।
- सबै अंशियारको नागरिकता र जग्गा धनी पुर्जाको प्रतिलिपि ।

**घर कायम**

- नक्सा पास र निर्माण सम्पन्न प्रमाणपत्र वा अन्य घर अभिलेखिकरणको कागजात
- जग्गाको विवरण सहित घरको अनुमानित मूल्य सहितको घर कायमको सिफारिस
- तिरो तिरेको रसिद

**छुट जग्गा दर्ता**

- साविक दर्ताको प्रमाणित उतार (साविक लगत)
- मालपोत ऐन लागु हुनु भन्दा अघिल्लो सालसम्मको तिरो बुझाएको निस्साको प्रतिलिपि (२ नं रसिद)
- भूमि सुधार कार्यालयमा पेश गरेको ७ नं फाँटबारीको प्रमाणित उतार
- स्थानिय निकायको हक-भोग सम्बन्धी किटानी सिफारिस सम्भव भए सम्म सधियारहरु समेतले गरेको सर्जमिन मुचुल्का ।

२

२०८१।०५।१२

कार्यालय प्रमुख

- छुट जग्गा दर्ता नामसारी भए साविक दर्तावालासँग नाताखुलेको प्रमाणपत्रको प्रतिलिपि र हकदारको विवरण खुलेको वडा कार्यालयको किटानी सिफारिस ।
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- नापी कार्यालयबाट फिल्डबुक र नक्सा
- मागदाबिलाई पुष्टि गर्न आवश्यक पर्ने अन्य सम्बन्धित देखिएको कागजातहरु ।
- पारित लिखत वा अदालतको फैसला वा मिलापत्र बमोजिम मागदाबि भए त्यस्तो लिखत, फैसला वा मिलापत्रको प्रमाणित प्रतिलिपि ।
- अदालतको जनाउ-पत्र ।
- साविकमा खरिद बिक्रि वा हक हस्तान्तरण भएको भए सोको प्रमाण
- हकदार खुल्ने प्रमाण

**नोटः- माथि उल्लेखित कारोबारको लागि लाग्ने शुल्क कर्णाली प्रदेश आर्थिक ऐन २०८१ बमोजिम हुने ।**

२०८१/०८/१२

कार्यालय प्रमुख